३५६

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. २१४/२०७०/०७१

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रिताल .....१ उजुरीकर्ता

विरूद्ध

गा.वि.स सचिव, धनकुटा जिल्ला, सान्ने गा.वि.स .............................................................१ विपक्षी

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

धनकुटा जिल्ला, कुरुले तेनुपा ५ हाल धनकुटा न.पा.५ तल्लो कोप्चे वस्ने नोदनाथ त्रितालले धनकुटा जिल्लाको सान्ने गा.वि.स समक्षसूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।१२।०९ मा फ्याक्स मार्फत उजुरी गरेको । उजुरीकर्ताको माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी यस आयोगबाट भएको आदेश कार्यान्वयनका लागि मिति २०७०।१२।२७, च.नं. ८०५ पु.च.नं.२७३ को पत्रबाट पत्राचार भएकोमा उजुरीकर्ताले सूचना नपाएको भनी पुनः मिति २०७१।०७।०३ मा उजुरी गरेकोमा यस आयोगबाट मिति २०७१।०७।०९ मा भएको आदेश कार्यान्वयनको लागि पुन मिति २०७१।०७।११, च.नं. ४२४ पु.च.नं.१७४ को पत्रबाट ताकेता पठाइएको देखिन्छ । सो सम्बन्धमा उक्त कार्यालयले सूचना उपलब्ध गराएको जानकारी आयोगलाई नदिएको तथा लामो समयसम्म उजुरीकर्ताले सूचना पाइन भनी उजुरी गर्न आएको पनि देखिदैन । उक्त आदेश बमोजिमको सूचना नपाएको अवस्थामा उजुरीकर्ताले पुनः आयोगमा निवेदन/पुनरावेदन गरेमा सोही बखत अग्रीम कारवाही प्रक्रिया अगाडि वढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत उजुरी तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।